नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १०] काठमाडौं, वैशाख २७ गते २०१७ साल [संख्या ४

श्री ५ कोसरकार

अर्थ मन्त्रालयको सूचना

आर्थिक ऐन, २०१६ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका क्षेत्रहरूलाई शहरीक्षेत्र तोकिदिएको छ ।

१. इलाम शहर	(क) पूर्वतर्फको सीमाना:–	नारायण स्थान
	(ख) दक्षिण ,, ,, :–	ठूलो टुंडिखेल फूलगाछा
	(ग) उत्तर ,, ,, :–	पब्लिक हल
	(घ) पश्चिम ,, ,, :–	देउराली हुँदै माला पन्थ
२. धनकुटा शहर	(क) उत्तरतर्फको सीमाना :–	कागते पोखरी
	(ख) दक्षिण तर्फको सीमाना:–	घुमाउने चौतारा
	(ग) पूर्वतर्फको सीमाना :-	निबुवार तामखुवा
	(घ) पश्चिम तर्फको सीमाना:–	बाघेखोला

द्रष्टव्य:– बांकी शहरी क्षेत्रको नाम पछि खोलिनेछ।

आज्ञाले-
रामप्रसाद जोशी
श्री५को सरकारका सचिव
अर्थ मन्त्रालय,

44
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

अर्थ मन्त्रालयको सूचना

नेपाल कानून व्यवस्था सम्बन्धी ऐनको दफा २२ र नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले २०१६।१२।३०।३ मा निर्णय गरी उक्त नेपाली मुद्राको चलन चल्ती बढाउने ऐन, २०१४ काठमाडौं उपत्यका, पूर्व १,२,३ र ४ नम्बर, पश्चिम १,२,३ र ४ नम्बर जिल्लाहरू र धनकुटा, पाल्पा, बागलुङ, प्यूठान, सल्यान, जुम्ला तथा दैलेख जिल्लाहरूमा लाग (प्रारम्भ) हुने मिति २०१७ साल वैशाख १ गते तोकेको छ।

आज्ञाले
रामप्रसाद [illegible]
श्री ५ को सरकारका सचिव,
अर्थ मन्त्रालय

श्री ५ को सरकार

(अर्थमन्त्रालय) को सूचना

आर्थिक ऐन, २०१६ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका क्षेत्रहरूलाई शहरी क्षेत्र तोकिदिएको छ।

१. काठमाडौं शहरः– (क) पश्चिम तर्फको सीमानाः– विष्णुमती र भीमसेनस्थानबाट विष्णुमतीको पुल भै मूल बाटोबाटै उत्तर पश्चिम तर्फ भै म्यूजियमको पछाडिको बाटो भै दक्षिण गोरेटो बाटोबाट पुरानो कालीमाटीको पुलसम्म त्यहाँबाट पूर्व कालीमाटीको नयां पुल भै थानकोट जाने मूल सडक सडकै कीर्तिपुर जाने गोरेटो बाटो बाटै दक्षिण ट्रली लाइन भै पूर्व चोभार जाने बाग्मतीको पुलसम्म।

(ख) पूर्व तर्फको सीमानाः– बाग्मती।

(ग) उत्तर तर्फको सिमानाः– बालाज्यू गाउंबाट पूर्व रानीबारीको उत्तर भै बांसवारी टूसाल, चण्डोल, धुम्बाराही भै चावेल, रामहिटी र बौद्ध जाने दोबाटो त्यहाँबाट सोझै पूर्व बाग्मती।

(घ) दक्षिण तर्फको सिमानाः– बाग्मती।

२. भक्तपुर शहरः– नगरपालिका इलाका बमोजिमको सीमाना।

३. ललितपुर शहरः– नगरपालिका इलाका बमोजिमको सीमाना।

५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. बिराटनगर शहरः– नगरपालिका इलाका बमोजिमको सीमाना ।

५. वीरगञ्ज शहरः– नगरपालिका इलाका बमोजिमको सीमाना ।

६. पाल्पा तानसेन शहरः– नगरपालिका इलाका बमोजिमको सीमाना ।

७. भद्रपुर शहरः– नगरपालिका इलाका बमोजिमको सीमाना ।

८. सप्तरी राजबिराज शहरः– (क) पूर्व तर्फको सीमानाः– भगवतपुर कचहरी र मिलएरिय

(ख) पश्चिम तर्फको सीमानाः– खरसाल बि. तीर्थराजको घरसम्म ।

(ग) उत्तरतर्फको सीमानाः– बि. शहरिया श्रीकृषिप्रसाद सिंहको घरसम्म ।

(घ) दक्षिणतर्फको सीमानाः– ८ बिगाहा प्लट हाईस्कूल जलसम्म ।

९. नेपालगञ्ज शहरः– (क) पूर्व सीमाना.– फूलटेका श्रीजनरल मेघराजशमशेर ज. ब. रा. को घरसम्म ।

(ख) पश्चिम सीमानाः– धुवौझी मौजासम्म ।

(ग) उत्तर सीमानाः– सल्यानी बगिया गणेशपुर मौजासम्म ।

(घ) दक्षिण सीमानाः– श्रीशशीराज ज. ब रा. को घर र गोसाइगाउँसम्म ।

१०. बुटवल बजार शहरः– (क) पूर्व सीमानाः– नकासी डाँडा ।

(ख) उत्तर सीमानाः– चिडिया खोला ।

(ग) दक्षिण सीमानाः– जोगी कुटी ।

(घ) पश्चिम सीमानाः– चुरे डांडाको शिर ।

११. पोखरा बजार शहरः– (क) पूर्व सीमानाः– मिरूवा पर्स्याङ बेदाम गाउँ र ताल ।

(ख) पश्चिम सीमानाः– फूलबाडी कुडहर र वहुला ।

(ग) दक्षिण सीमानाः– पुरानो टुंडीलेख भीमकाली ।

(घ) उत्तर सीमानाः– पार्थी गाउँ राडराम घाट ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. जनकपुर शहरः–

(क) पूर्व सीमानाः– मलंगवा विष्णुपुर चौरी ।

(ख) पश्चिम सीमानाः– मलंगवा बिष्णुपुरकै चौरी ।

(ग) उत्तर सीमानाः– बिष्णुपुर चौरी ।

(घ) दक्षिण सीमानाः– मलंगवा चौरी ।

द्रष्टव्यः– बांकी शहरी क्षेत्रहरूको नाम पछि तोकिने छ ।

आज्ञाले–
रामप्रसाद जोशी,
श्री ५ को सरकारका सचिब,
अर्थमन्त्रालय,

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।